मितिः २०७९/१२/२६

**श्री स्मार्ट टेलिकम प्रा.लि. लाई निर्देशन जारी गरिएको सम्बन्धमा ।**

श्री स्मार्ट टेलिकम प्रा. लि.का सेवाहरु देशका केही स्थानहरुमा नचलेको भन्ने बुझीन आएको सन्दर्भमा यस प्राधिकरणको गम्भिर ध्यानाकर्षण भएको छ। दूरसञ्चार सेवालाई अति आवश्यक सेवाको रुपमा बर्गिकरण गरिएको दूरसञ्चार सेवा प्रदायकले दूरसञ्चार सेवाको अनुमतिपत्र बहाल रहँदासम्म नियम कानुनको पालना गर्दै निरन्तर दूरसञ्चार सेवा संचालन गर्नु पर्ने दायित्व रहन्छ । अतः अत्यावश्यक सेवाको रूपमा रहेको दूरसंचार सेवाको अनुमतिपत्र बहाल रहँदासम्म सेवाग्राहीहरुले विना कुनै अवरोध सेवा उपभोग गर्न पाउने गरी दूरसञ्चार सेवा चुस्त दुरुस्त रुपमा संचालन गर्न श्री स्मार्ट टेलिकम प्रा. लि लाई निर्देशन जारी गरिएको छ ।

**नेपाल दूरसञ्चार प्राधिकरण**

**अनुगमन महाशाखा**

जमल, कान्तिपथ

काठमाडौं

फोन: ५३५५४७४

Fax: ५३५५२५०

Email: info@nta.gov.np
Website: www.nta.gov.np